नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(सङ्घीय तथा प्रादेशिक कर्मचारी प्रशासन शाखा)

फोन नं. ४२०००५० / ४२०००२९ / ४२०००३०
फ्याक्स नं.: ४२०००३२

प.स. : २०८१/८२
च.नं. : २१८२

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौ

मितिः २०८१।०८।१७

विषयः राजपत्र अनङ्कित कर्मचारीहरुको सरुवा/कामकाज/काज तथा सरुवा सहमति सम्बन्धमा ।

श्री मन्त्रालय/आयोग/सचिवालय/कार्यालय,(सबै) ।

यस मन्त्रालय लगायत विभिन्न मन्त्रालय/आयोग/निकायहरूबाट निजामती कर्मचारीहरूको सरुवा गर्ने, कामकाज/काज खटाउने तथा सरुवा सहमति प्रदान गर्ने सम्बन्धी कार्य हुँदै आएकोमा लोक सेवा आयोगको वार्षिक कार्यतालिका बमोजिम राजपत्र अनङ्कित प्रथम/द्वितीय श्रेणी(नायब सुब्बा/खरिदार वा सो सरह)का पदहरूमा विज्ञापन(खुला प्रतिस्पर्धा तथा बढुवा) प्रकाशित हुने समयलाई दृष्टिगत गर्दै लामो समय देखि सुगम स्थानमा रही कामकाज गरिरहेका कर्मचारीहरू बढुवा प्रयोजनको लागि मात्र दुर्गम स्थानका निकायहरूमा सरुवा भई जाने क्रम देखिएको र सोको लागि विभिन्न निकायहरूबाट सरुवा सहमति माग भई आउने गरेको पाइएकोले यसरी विज्ञापन(खुला प्रतिस्पर्धा तथा बढुवा)प्रकाशित हुने समय भन्दा तत्काल अगाडि राजपत्र अनंकित प्रथम/द्वितीय श्रेणी(नायब सुब्बा/खरिदार वा सो सरह)का कर्मचारीहरूलाई सरुवा गर्दा लामो समय देखि दुर्गम स्थानमा बसी सेवा गरी आएका कर्मचारीहरूको बढुवा प्रयोजनार्थ मर्का पर्ने देखिएको हुँदा कर्मचारीहरूको सरुवा गर्ने, कामकाज/काज खटाउने तथा सरुवा सहमति प्रदान गर्ने कार्य मिति २०८१ मंसिर १८ देखि लागू हुने गरी राजपत्र अनंकित प्रथम श्रेणी(नायब सुब्बा वा सो सरह)को हकमा मिति २०८१ माघ मसान्तसम्म तथा रा.प.अनं.द्वितीय श्रेणी(खरिदार वा सो सरह)का कर्मचारीहरूको हकमा मिति २०८१ फाल्गुण मसान्तसम्मको लागि स्थगित गरिएकोले सोही बमोजिम गर्नु गराउनु हुन यस मन्त्रालय(सचिवस्तर)को मिति २०८१/०८/१७ गतेको निर्णयानुसार अनुरोध छ ।

०८/१६

.........................
(सुदिप सापकोटा)
शाखा अधिकृत